# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## जस्पुर, प्यूठान
## प्रदेश नं. ५, नेपाल


मो. ९८५७८३६००६
वेबसाइट: www.mandavimun.gov.np
इमेल: mandavimun2073@gmail.com


प.स: २०७६/०७७
च.नं:

मिति: २०७६/१२/२५

**कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा राहत वितरणको लागि सहयोगी दाताहरुलाई विपद् व्यवस्थापन कोष सम्बन्धि गाउँपालिका अध्यक्ष श्री श्रीधर रोकाको हार्दिक अपिल ।**

हाले विश्वमा महामारीको रुपमा फैलीरहेको कोरोना भाइरस (कोभिड-१९) को संक्रमण फैलिन नदिन तथा रोगको रोकथाम, नियन्त्रण तथा यस माण्डवी गाउँपालिका क्षेत्रभित्र बसोबास गरि असंगठित क्षेत्रम कार्यरत श्रमिक वर्ग तथा असहाय व्यक्तिहरुको दैनिक न्युनतम जीविकोपार्जनको लागि यस गाउँ कार्यपालिकाको मिति २०७६/१२/२३ को निर्णय अनुसार रु. ३० लाख को **विपद् व्यवस्थापन कोष (कोरोना भाइरस रोकथाम, नियन्त्रण तथा उपचार कोष)** खडा गरिएको जानकारी गराउन चाहन्छौ |

यस संकटको घडीमा मानवीय आवश्यकता पुरा गर्न स्थानीय सरकार प्रतिबद्ध एवं कटिबद्ध रुपमा निरन्तर लागिरहेको व्यहोरा समेत अनुरोध छ | यस कार्यका लागि थप आर्थिक तथा बस्तुगत सहायता गर्न चाहने इच्छुक मनकारी व्यक्ति, संघसंस्था, उद्योगी, व्यापारी एवं सरोकारवाला सबैलाई तपशिलको बैंक खातामा आर्थिक सहयोग तथा गाउँपालिकामा वस्तुगत सहायता प्रदान गर्नका लागि हार्दिक अपिल गर्दछु | साथै यस गाउँपालिकामा बसोबास गर्ने श्रमिक तथा असहाय परिवारको खाद्य संकट समाधानको लागि खाद्यान्न लगायत सामाग्रीहरु सहयोग गर्न इच्छुकहरुले तपशिलको सम्पर्क नम्बरमा सम्पर्क गरी एकद्वार प्रणालीबाटबाट वितरण गरिने जानकारी गराउन चाहन्छौ |

**तपशिल:**
**बैंकको नाम: सिभिल बैंक लिमिटेड,**
**शाखा कार्यालय: माण्डवी शाखा, जस्पुर प्यूठान**
**खाताको नाम: विपद् व्यवस्थापन कोष (कोरोना भाइरस रोकथाम, नियन्त्रण तथा उपचार कोष)**
**खाता नं.** ०६७१०१९३०४९०४३

**थप जानकरिको लागि गाउँपालिका अध्यक्ष मो.नं. ९८४१९९०७९७, उपाध्यक्ष मो.नं. ९८४७८९९७४०, प्रमुख प्रशासकीय अधिकृत मो.नं. ९८५७८३६००६ , स्वास्थ्य संयोजक मो.नं. ९८५७८३३२३३**

**श्रीधर रोका**
**अध्यक्ष एवं माण्डवी गाउँपालिका परिवार**